त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्रुतु खारानेटा,रुकुम(पश्चिम)

कर्णाली प्रदेश नेपाल

२०७३

## औषधी तथा औषधि जन्य सामाग्री खरिद सम्वन्धि शिलवन्दि दरभाउपत्र आह्वानको सुचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०६/०७ गते।**

यस त्रिवेणी गांउपालिका रुकुम पश्चिमका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु शिलवन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेको हुदाँ योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्स/व्यवसायिकहरुले निम्न शर्तको अधिनमा रहि शिलवन्दी दरभाउपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१.सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रु.१०००।- फिर्ता नहुने गरि तिरी औषधी व्यवसायी प्रमाण पत्र, नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, गा.पा. मौजुदा सुचिमा सुचिकृत प्रमाणपत्र, तथा आ.व ०७५।०७६ को कर चुक्ता प्रमाण पत्र प्रमाणित प्रतिलिपी संलग्न राखि टिकट टाँसी निवेदन पेश गरि यस कार्यालय वाट खरिद गर्न सकिने छ।

२.विकि भईसकेका दरभाउपत्रहरु सिलवन्दी गरी १६ औं दिन १२.०० बजेसम्म दर्ता गराई सक्नुपर्ने छ र सोही दिनको २.०० बजे दर्ता हुन आएका प्रस्तावहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्रदाताले दरभाउपत्र साथ तोकिए बमोजिम धरौटी रकम त्रिवेणी गाउँपालिकाको लक्ष्मी बैंकमा रहेको धरौटी खाता - टि.आर.गा.पा.धरौटी खाता ०८७११०००१६८ मा जम्मा गरेको बैंक भौचर र सो बराबरको दरभाउपत्र खोलिने अन्तिम मितिले १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेस गर्नुपर्ने छ।

३. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुनेछ।

४. एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

५. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउंमा सही छाप गरेको हुनुपर्नेछ।

६. औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधी मात्र खरिद गरिनेछ। बोतलमा सप्लाई हुने औषधीहरु प्लास्टिक वा उत्पादन कम्पनीले निर्धारित गरेको बोतलमा र चक्कीहरु स्ट्रिपमा हुनुपर्नेछ। सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकिङको बाहिर र बोतल ,चक्कीहरुको स्ट्रिपमा उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं. तथा Supply for Ministry of Health and Population Nepal (यो औषधी/सामान बिक्रीको लागि होइन) भन्ने वाक्यांस लेखिएको हुनुपर्नेछ।

७. औषधी दाखिला हुन आउंदासम्म औषधीको म्याद कम्तीमा १८ महिना वा ८० प्रतिशत बाँकी हुनुपर्नेछ।

८. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. को लागि भएकोले आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन।

९. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयको खरिद समितीमा तथा कार्यालयमा निहित रहनेछ।

१०.दरभाउपत्र फारममा प्रत्येक औषधीको आइटम वाइज उत्पादक कम्पनीको नाम WHO GMP Certified Company अनिवार्य रुपले भर्नुपर्नेछ। सोही अनुसारको प्रत्येक औषधीको नमुना समेत अनिवार्य रुपले छुट्टै शिलबन्दी गरी बिवरण सहित पेश गर्नुपर्नेछ। साथै औषधि बिकिबितरण दर्ता प्रमाणपत्र ,विदेशी औषधिकोहकमा Letter of Recommendation For Import of Drugs आदि प्रमाणहरु पनि पेश गरेको हुनुपर्ने छ। यसरी सम्पूर्ण आइटमहरुको नमूना पेश नभएको फर्मको बोलपत्र मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन।

११.सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वंय घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ १२.सिलवन्दी दरभाउपत्र किन्ने प्रतिनिधिले दरभाउपत्र किन्ने व्यवसायीको कर्मचारीको फोटोसहितको प्रमाणपत्र तथा कम्पनीको अख्तियारी लिने प्रतिनिधिले अख्तियारी नामाको हकमा भने रंगिन छापासहितको सक्कली अख्तियारीपत्र र सो व्यक्तिको परिचय खुल्ने पुष्टीको प्रमाणपत्र लिएर आएका मात्र सिलवन्दी दरभाउपत्र वेचिनेछ।

१३.दरभाउपत्रदाताले दरभाउपत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपिहरु नेपाल नोटरी पब्लिक परिषद्बाट मान्यताप्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरि पेश गर्नुपर्नेछ। नोटरी पब्लिकबाट प्रमाणित नगरिएका प्रतिलिपिहरु अमान्य मानिनेछन्।

१४.यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३ समेत ) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ।

| सि.न. | दरभाउपत्र नं. | कामको विवरण | सिलवन्दी फारम खरिद गर्ने अन्तिम मिति र समय | सिलवन्दी दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र फारम दस्तुर | जमानत रकम | अनुमानित ल.ई अ. (भ्याट समेत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | TR-HM-01 | औषधि तथा औषधिजन्य सामाग्री खरिद | २०७६।०६।२१ कार्यालय समयभित्र | २०७६।०६।२२ गते १२:०० बजेसम्म | २०७६।०६।२२ गते दिउँसो २:०० बजे | १०००। | ७०,०००।- | २५,००,००० ।- | |

दिपेन्द्र रोचल

प्रमुख प्रशासकीय अधिकृत

Website: www.trivenimunrukum.gov.np

Email: tribenigp@gmail.com

ito.trivenimunrukum@gmail.com

*"सक्षम निजामती प्रशासन : विकास ,समृद्धि र सुशासन"*